CITY HOTEL

चलानी नं १०६/२०८१/८२

मितिः२०८१/१०/३०

श्री नेपाल धितोपत्र बोर्ड,
खुमलटार, ललितपुर।

विषयः आर्थिक वर्ष २०८१/८२ को दोस्रो त्रैमासिक प्रतिवेदन सम्बन्धमा।

महोदय,

उपरोक्त सम्बन्धमा यस सिटि होटल लिमिटेडको धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३, को नियम २६ उपनियम १ सँग सम्बन्धित अनुसूची -१४ बमोजिमको आर्थिक वर्ष २०८१/८२ को पुस मसान्तमा अन्त्य दोस्रो त्रैमासिक प्रतिवेदन तहाँ कार्यालयमा पेश गर्दछौं । साथै सो विवरण राष्ट्रिय स्तरको दैनिक पत्रिका आर्थिक अभियानमा मिति २०८१/१०/३० गतेमा प्रकाशन गरिएको व्यहोरा जानकारीको लागि अनुरोध गर्दछौं ।

भवदीय,

CITY HOTEL LTD. KATHMANDU

.....
जेलिना महर्जन
कम्पनी सचिव
सिटि होटल लिमिटेड

**बोदार्थः**

१. श्री नेपाल स्टक एक्सचेन्ज लि., सिंहदरवार प्लाजा, काठमाडौं
२. श्री सिडिएस एण्ड क्लियरिङ्ग लि., पुतलीसडक, काठमाडौं ।

# सिटि होटल लिमिटेड

CITY HOTEL

छिन्नलताचोक, सोल्टीमोड, काठमाडौँ,

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची १४ (नियम २६ को उपनियम (१) संग सम्बन्धित)

## आ.व. २०८१/८२ को दोस्रो त्रैमासिक प्रतिवेदन

सिटी होटल लिमिटेडको २०८१ पुस मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०८१/०८२ को दोस्रो त्रैमासिक अवधिको लेखापरीक्षण नभएको (अपरिस्कृत) प्रतिवेदन :

**१. वित्तीय विवरण :**

**(क)आर्थिक वर्ष २०८१/०८२ को दोस्रो त्रैमासिक अवधिको वासलात र नाफा नोक्सान सम्बन्धी विवरण :**

- आर्थिक वर्ष २०८१/०८२ अन्तर्गत कम्पनीको २०८१ पुस २९ सम्ममा समाप्त (२०८१ कार्तिक १ देखि २०८१ पुस २९ सम्म) दोस्रो त्रैमासिक अवधिको वैधानिक लेखापरिक्षण हुनु पूर्वका तुलनात्मक वित्तीय विवरणहरु अनुसूचि-१ मा प्रस्तुत गरिएको छ ।
- दोस्रो त्रैमासिक समिक्षा अवधिमा सम्बन्धित पक्षहरु बिच नियमित व्यवसाय कारोबार र यस प्रतिवेदनमा उल्लेखित बाहेक अरु कुनै कारोबार नभएको ।

**ख. प्रमुख वित्तीय सूचकहरु**

| विवरण | दोस्रो त्रैमासिक अवधि (२०८१ पुस मसान्त सम्म) (लेखापरिक्षण नभएको) | अधिल्लो त्रैमासिक अवधि (असोज मसान्त २०८१ सम्म) (लेखापरिक्षण नभएको) | दोस्रो त्रैमासिक अवधि (पुस मसान्त २०८०) (लेखापरिक्षण नभएको) |
|---|---|---|---|
| **प्रमुख वित्तिय सुचांकहरु** | | | |
| ऋण पुँजीको अनुपात | ०.७१ | ०.६९ | ०.६६ |
| शेयरधनीको शेयर पुँजी कोषको प्रतिफल | (०.०६) | (०.०३) | (०.०७) |
| प्रति शेयर आम्दानी (रु) | (६.२७) | (३.३६) | (७.०५) |
| प्रति शेयर नेटवर्थ (रु) | ८४.२० | ९०.४९ | ९६.५० |
| प्रति शेयर कुल सम्पत्तिको मूल्य (रु) | ३३०.९४ | ३३५.०९ | ३२६.४२ |
| प्रति शेयर बजार मूल्य (रु) | ८९० | ८७२ | ६७४.९० |
| प्राइज अर्निङ्ग रेसियो | (१४१.९३) | (२५९.३८) | (९५.७५) |
| चालु अनुपात | ०.४१ | ०.४३ | ०.४५ |

**२. व्यवस्थापकीय विश्लेषण**

(क) यस सिटि होटल हयात प्लेस ब्राण्ड अन्तर्गत संचालन हुँदै आएकोमा मिति २०८१।०९।१७ बाट हयात सेन्ट्रिक ब्राण्डमा परिवर्तन भई हाल हयात सेन्ट्रिक ब्राण्ड अन्तर्गत संचालनमा आएको छ र यो नेपालको पहिलो हयात सेन्ट्रिक ब्राण्डको होटल भएको छ । यस होटलले आफूले प्रदान गर्ने सेवाहरुको गुणस्तर, खाना र अनुभवका आधारमा बेन्चमार्क कायम गरेको छ । हाम्रा अतिथिहरुले यस होटलले व्यक्तिगत मौलिकताको साथै अतिथिलाई प्रदान गर्ने सन्तुष्टिको बारेमा प्रसंशा गर्ने गर्छन् । हयात को Full-Service/ Classics ब्राण्ड अन्तर्गत पर्ने यस हयात सेन्ट्रिक होटलले आफ्नो सेवा सुविधाको स्टाण्डर्ड अपग्रेड गरिराखेको छ ।

(ख) अन्तराष्ट्रिय विमानस्थलको विस्तारका कारण निश्चित समय विमानस्थल बन्द भएकाले, प्रतिकुल मौसम अवस्था, मर्मत सम्भारका कारण रुम तथा एफ एण्ड बि को आम्दानीमा केही कमी आएको भएतापनि पछिल्लो वर्षमा भन्दा ब्याङ्वेटबाट भएको आम्दानीमा वृद्धि भएको छ । ब्याङ्वेटको सेवा सुविधामा भएको सुधारका कारण ब्याङ्वेटबाट भएको आम्दानीमा वृद्धि भएको हो ।

(ग) पर्यटन क्षेत्रको विकास मार्फत विदेशी मुद्रा आर्जन गर्ने, स्वदेशमा नै रोजगारी सृजना गरी नेपालमा रहेका ऐतिहासिक कला संस्कृति तथा भौगोलिक विविधताको प्रचार प्रसार तथा प्रवर्द्धन गर्ने उद्देश्यले स्वदेशी लगानीकर्ताहरुद्वारा संस्थापित एंव संचालित यस सिटि होटल लिमिटेडे (हायात सेन्ट्रिक) ले आफ्नो व्यवसाय सञ्चालन गरेको छ ।

(घ) यस कम्पनीले हालसम्म बैंकबाट लिएको ऋणको सावाँ तथा ब्याजको भुक्तानी नेपाल राष्ट्र बैंकद्वारा समय समयमा निर्देशित सुविधाहरु प्राप्त गर्दै निर्धारित समयमा भुक्तानी गरिरहेको छ । कम्पनीलाई नगदको आवश्यक परेको खण्डमा सञ्चालक समितिको निर्णय बमोजिम सञ्चालकहरु बाट बिना ब्याज अल्पकालिन पेश्की लिई ऋणको ब्याज भुक्तानी गरिरहेको छ । २०८१ पुस मसान्तमा सञ्चालकलाई तिर्नपर्ने पेश्की बापतको रकम रु. छयालिस करोड पन्चानब्बे लाख अठासि हजार रहेको छ ।

**३. कानूनी कारबाही सम्बन्धी विवरण**

(क) हाल सम्म कम्पनीले कुनै पनि मुद्दा दायर गरेको छैन र कम्पनी उपर पनि कुनै मुद्दा दाएर भएको जानकारी प्राप्त भएको छैन ।

(ख) हालसम्म कम्पनीका संस्थापक वा सञ्चालकको विरुद्धमा तथा संस्थापक वा सञ्चालकले प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको जानकारी प्राप्त भएको छैन ।

(ग) कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन ।

**४. संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण**

(क) शेयरको कारोबारमा हुने उतार चढाव खुल्ला बजारले प्रतिपादित गरेको मूल्य र मान्यता अनुरुप निर्देशित हुने गरेको छ । शेयरको कारोबार सम्बन्धी विषयमा व्यवस्थापनको धारणा तटस्थ रहेको छ ।

(ख) सिटि होटल लिमिटेड कम्पनीको आर्थिक वर्ष २०८१/०८२ को पुस मसान्तमा अन्त्य भएको दोस्रो त्रैमासिक अवधिमा प्रति शेयर रु १००/- का दरको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कुल दिन तथा कारोबार संख्या देहाय बमोजिम रहेको छ :

| दोस्रो त्रैमासिक आ.व.२०८१/०८२ | शेयरको कारोबार मूल्य (रु) | | | कुल शेयरको कारोबार -दिन र संख्या | | |
|---|---|---|---|---|---|---|
| | अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | कारोबार भएको कुल दिन | कारोबार संख्या | कुल कारोबार शेयर संख्या |
| दोस्रो त्रैमासिक (२०८१ पुस मसान्त सम्म) | १,०२५ | ७८९.९० | ८९० | ५५ | ११,१३८ | ९,२५,६९५ |

**५. समस्या र चुनौती**

**क) आन्तरिक :**

- यस कम्पनीमा आन्तरिक समस्या नरहेको ।

**ख) बाह्य :**

- हाल अन्य धेरै ब्राण्डेड होटलहरू खोलिने क्रममा रहेका ।
- त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलको विस्तारका कारण निश्चित समय विमानस्थल बन्द भएकाले पर्यटक आगमन प्रभावित हुने भएकाले यस होटललाई समेत असर पर्ने ।

**ग) रणनीति :**

- अधिक कर्पोरेट कार्यक्रमहरू र निजी समारोहहरू आकर्षित गर्न बैंक्वेट तथा खानपानका सुविधाहरूलाई सुधार गर्ने ।
- दुताबाससँग सम्बन्धित इभेन्ट तथा कार्यक्रमहरु बढाई आम्दानीमा बृद्धि गर्ने ।
- स्थानीय बजारबाट व्यापार बढाउनका लागि ध्यान केन्द्रित गर्ने ।
- स्थानीय व्यवसायहरू र कार्यक्रम आयोजकहरूसँग सहकार्य गरी बैठक, सम्मेलन र विवाह बुकिङ बढाउने र ग्राहकहरूको निरन्तर आगमन सुनिश्चित गर्ने ।
- उच्चस्तरका कार्यक्रमहरू र कर्पोरेट सभाहरू होस्टिङ्गमा जोड दिने ।
- भारत, चीन जस्ता लक्षित बजार र धार्मिक यात्रा मार्फत समग्र आम्दानी वृद्धि गर्न ध्यान केन्द्रित गर्ने ।
- कम्पनीको व्यवसायलाई समय समयमा समिक्षा गरी शेयरधनीहरुलाई उच्च प्रतिफल प्रदान गर्ने, समय अनुसार व्यवसाय वृद्धिको लागि प्रभावकारी बजार रणनीतिमा ध्यान दिई आवश्यक कार्यहरु गर्दै जाने ।

**६. संस्थागत सुशासन**

संस्थागत सुशासन अभिवृदिका लागि व्यवस्थापनद्वारा चालिएका कदम सम्बन्धी विवरण :

क) कम्पनीले प्रचलित ऐन तथा कानून बमोजिमको मापदण्ड, नियमनकारी निकायहरुबाट समय समयमा जारी भएका नियम, विनियम, निर्देशन तथा परिपत्रहरुको पूर्ण रुपमा पालना गरेको छ ।

ख) कम्पनीको लेखापरिक्षण समितिले आन्तरिक लेखापरिक्षणबाट त्रैमासिक पुनरावलोकन एवं समीक्षागर्दै आवश्यक सल्लाह र सुझावहरु समय समयमा दिने गरेको छ ।

ग) कम्पनीको आन्तरिक नियन्त्रण प्रणाली अन्तर्गत होटलको आफ्नै आन्तरिक लेखापरिक्षण विभाग समेत क्रियाशील रहि कार्यहरु गर्दै आइरहेका छन् । कम्पनीको सञ्चालक समिति, लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समिति र आन्तरिक नियन्त्रण प्रणाली लगायत अन्य आवश्यक उच्च व्यवस्थापनका पदाधिकारीहरु आ-आफ्नो स्थानबाट कम्पनीको प्रगतिका निमित्त अहोरात्र खट्ने गरेको र आन्तरिक विभिन्न समितिहरु सदैव क्रियाशील रहि परिणाममुखी कार्यहरु गर्दै आइरहेका छन् ।

**७. सत्य, तथ्यता सम्बन्धमा अध्यक्ष/कार्यकारी प्रमुखको उद्घोषणः**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जानेबुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सू-सुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारी लुकाएको छैन ।

## PROVISIONAL FINANCIAL STATEMENT
## As on January 13, 2024 (Poush End 2081) Second Quarter (Fiscal Year 2081-82)

| Particulars | As on January 13, 2025 Poush End 2081 UNAUDITED | As on October 16, 2024 Asoj End 2081 UNAUDITED | As on January 14, 2024 Poush End 2080 UNAUDITED |
|---|---|---|---|
| **Assets** | | | |
| **Non-Current Assets** | | | |
| Property, Plant and Equipment | 5,032,832,231.98 | 4,676,221,562.61 | 4,602,159,168.66 |
| Intangible Assets | 30,915,907.91 | 31,992,859.61 | 35,345,763.82 |
| Investment Property | 47,770,329.11 | 355,709,653.40 | 363,155,619.34 |
| Deferred Tax Assets | 44,052,242.02 | 157,997,955.52 | 135,247,880.06 |
| Other Assets | 59,760,015.72 | 55,662,094.29 | 34,005,854.82 |
| **Total Non-Current Assets** | **5,215,330,726.74** | **5,277,584,125.42** | **5,169,914,286.70** |
| **Current Assets** | | | |
| Inventories | 6,132,626.07 | 5,754,815.28 | 6,308,787.49 |
| Cash and Cash Equivalents | 5,967,857.46 | 14,263,114.63 | 11,963,933.25 |
| Trade Receivables | 111,392,986.00 | 104,675,141.51 | 48,894,618.04 |
| Prepayments | 11,188,128.08 | 3,534,715.80 | 10,109,972.20 |
| Other Assets | 189,913,762.38 | 203,601,092.77 | 217,032,453.10 |
| **Total Current Assets** | **324,595,359.99** | **331,828,879.99** | **294,309,764.08** |
| **Total Assets** | **5,539,926,086.73** | **5,609,413,005.41** | **5,464,224,050.78** |
| **Equity & Liabilities** | | | |
| **Equity** | | | |
| Share Capital | 1,674,000,000.00 | 1,674,000,000.00 | 1,674,000,000.00 |
| Other Equity | (267,132,630.76) | (159,241,970.73) | (58,517,647.92) |
| **Total Equity** | **1,406,867,369.24** | **1,514,758,029.27** | **1,615,482,352.08** |
| **Non-Current Liabilities** | | | |
| Long Term Borrowings | 3,285,039,429.13 | 3,258,073,858.40 | 3,125,177,266.73 |
| Lease Liabilities | 40,688,481.17 | 43,729,391.12 | 45,793,412.87 |
| Other Liabilities | 19,582,801.08 | 19,570,762.33 | 17,703,632.66 |
| **Total Non-Current Liabilities** | **3,345,310,711.38** | **3,321,374,011.85** | **3,188,674,312.26** |
| **Current Liabilities:** | | | |
| **Financial:** | | | |
| Trade Payables | 72,419,331.75 | 83,006,301.37 | 78,748,064.91 |
| Short Term Borrowings | 81,773,254.02 | 93,388,518.97 | 80,990,312.37 |
| Lease Liabilities | 3,763,641.62 | 3,763,641.62 | 3,617,612.62 |
| Other Liabilities | 629,791,778.73 | 593,122,502.33 | 496,711,396.54 |
| **Total Current Liabilities** | **787,748,006.12** | **773,280,964.29** | **660,067,386.44** |
| **Total Equity and Liabilities** | **5,539,926,086.74** | **5,609,413,005.41** | **5,464,224,050.78** |

## PROVISIONAL STATEMENT OF PROFIT OR LOSS
## FOR THE PERIOD ENDED 13 JANUARY, 2025

| Particulars | For Period Ended January 13, 2025 Poush End 2081 | For Period Ended October 16, 2024 Asoj End 2081 | For Period Ended January 14, 2024 Poush End 2080 |
|---|---|---|---|
| | UNAUDITED | UNAUDITED | UNAUDITED |
| **Income:** | | | |
| Revenue from Operations | 235,791,379.36 | 110,223,925.29 | 243,046,892.53 |
| Miscellaneous Income | 21,403,587.10 | 21,109,231.93 | 35,471,092.48 |
| **Total Revenue** | **257,194,966.46** | **131,333,157.22** | **278,517,985.01** |
| **Expenditure:** | | | |
| Cost of Goods Sold | 59,083,218.68 | 28,426,201.52 | 65,296,807.81 |
| Employee Cost | 47,594,576.57 | 22,891,993.53 | 49,950,377.73 |
| Brand Operator Fees | 8,706,630.87 | 3,648,945.13 | 9,188,649.20 |
| Administrative & Operating Expenses | 59,309,996.58 | 37,354,283.47 | 62,541,363.36 |
| **Total Expenditure** | **174,694,422.70** | **92,321,423.65** | **186,977,198.10** |
| **Profit Before Interest, Depreciation & Tax** | **82,500,543.76** | **39,011,733.57** | **91,540,786.91** |
| Finance Cost | 142,892,624.17 | 76,381,044.44 | 174,891,475.94 |
| Depreciation & Amortization Expenses | 67,858,361.86 | 34,610,348.51 | 66,337,893.09 |
| **Profit/Loss Before Tax** | **(128,250,442.27)** | **(71,979,659.39)** | **(149,688,582.12)** |
| Less: | | | |
| Current Tax | - | - | - |
| Deferred Tax | (23,281,502.26) | (15,701,858.86) | (31,696,381.83) |
| **Net Profit/Loss After Tax** | **(104,968,940.01)** | **(56,277,800.52)** | **(117,992,200.29)** |

***Notes:*** *The above financial statements is presented in accordance with Nepal Financial Reporting Standards (NFRS). The Financial Statement is subject to change at the time of statutory audit or changes made by Regulatory authority, if any.*